कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०६/२४ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा विक्री वितरण हुने स्थलहरूमा चाडपर्व लक्षित निरीक्षण तथा अनुगमन गरि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनु गमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | गौतम स्विट्स (शाखा), नागार्जुन न.पा.-०४ | • सरसफाइको अवस्था सामान्य रहेको<br>• प्रयोग गरिरहेको तेलको TPM १३.५ पाइएको<br>• बर्फीमा starch परीक्षण गर्दा negative पाइएको<br>• Pest control र कामदारको सरसफाइ सामान्य रहेको | • नियमित सरसफाइ गरि स्वच्छता र गुणस्तर कायम गरि cross contamination को जोखिमबाट सजग रहने, मिठाईमा कुनै पनि अखाद्य पदार्थ मिसावट नगर्ने र पूर्ण रूपमा लेबल विवरण लगाएर भण्डारण गर्ने, खाद्य पदार्थ छोपेर राख्ने, फोहरको डस्टबिन नियमित खाली गर्ने र मिठाईमा अखाद्य रंग प्रयोग नगर्ने निर्देशन दिएको। |
| २. | कविर देव मिठाई एण्ड चाट हाउस, नागार्जुन न.पा.०४, सितापाइला | • मिठाई उत्पादन स्थल (किचनको) सरसफाइ सन्तोषजनक नभएको<br>• किचन अस्तव्यस्त र अव्यवस्थित रहेको<br>• Synthetic food color को प्रयोग गर्ने गरेको<br>• मिठाईजन्य खाद्य पदार्थ किचनमा नछोपी भण्डारण गरेको<br>• तेलको TPM परीक्षण गर्दा १५.५ पाइएको<br>• खुवा र बर्फीमा starch परीक्षण गर्दा negative पाइएको<br>• | • नियमित सरसफाइ गरि स्वच्छता र गुणस्तर कायम गर्ने, किचनमा अनावश्यक सामान भण्डारण नगर्ने र व्यवस्थित बनाउने र synthetic food color प्रयोग गर्दा नेपाल सरकारले तोके बमोजिम मात्र गर्ने निर्देशन दिएको। |
| ३. | मनकामना स्विट्स एड चाट हाउस, नागार्जुन न.पा.०४. | • सरसफाइ सन्तोषजनक नभएको<br>• फ्रिजमा मिठाई भण्डारण गर्दा उत्पादन मितिको लेबल नलगाई भण्डारण गर्ने गरेको<br>• Pest control र कामदारको व्यक्तिगत सरसफाइ पर्याप्त नभएको<br>• Synthetic food color को प्रयोग गर्ने गरेको<br>• तेलको TPM परीक्षण गर्दा १२ पाइएको | • देखिएको कैफियतहरू सुधार गर्ने, नियमित सरसफाइ गरि गुणस्तरीय खाद्य पदार्थ मात्र बिक्रि वितरण गर्ने, मिठाईमा कुनै पनि अखाद्य पदार्थ मिसावट नगर्न र synthetic food color प्रयोग गर्दा नेपाल सरकारले तोके बमोजिम मात्र गर्ने निर्देशन दिएको। |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | • खुवावाट बनेको बर्फी र पेडामा starch परीक्षण गर्दा negative पाइएको | |
| ४. | न्यु अन्नपुर्ण मिठाई भण्डार, काठमाडौं-०९ गौशाला | • सरसफाइ सन्तोषजनक नभएको<br>• Pest control को व्यवस्था पर्याप्त नभएको<br>• फ्रिजमा खाद्य पदार्थको भण्डारण अव्यवस्थित रहेको<br>• खाद्य वस्तु नछोपी राखेको<br>• केही पकाएका खाद्य वस्तु बिक्री वितरण गर्दा पत्रिकाजन्य कागजको प्रयोग गर्ने गरेको<br>• तेलको TPM परीक्षण गर्दा १७ पाइएको | • मसिजन्य कागजको खाद्य वस्तु प्याकिंग तथा अन्य प्रयोजनका लागि प्रयोग नगर्ने, फ्रिजको व्यवस्थित प्रयोग गर्ने, पकाईएका तथा अन्य प्रशोधित खाद्य वस्तु छोपेर राखे, सरसफाइ नियमित गर्ने, pest control को व्यवस्था गर्न र कैफियतमा भएका विवरण सुधार पश्चात् मात्र व्यवसाय संचालन गर्ने निर्देशन दिएको। |
| ५. | व्यञ्जन मिष्ठान्न भन्दा तथा भोजनालय, काठमाडौं-०९ गौशाला | • सरसफाइ सन्तोषजनक नभएको<br>• मिठाई लगायतका खाद्य पदार्थ छोपेर नराखेको<br>• तेलको TPM परीक्षण गर्दा १७.८ पाइएको<br>• Pest control को अवस्था सन्तोषजनक नभएको | • खाने कुरा छोपेर राखे, सरसफाइ कायम गर्ने र अनुगमनको क्रममा दिएको निर्देशन पुरा गरि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग उपस्थित हुने निर्देशन दिएको। |
| ६. | राजधानी स्विट्स एण्ड भोजनालय, काठमाडौं-०९, गौशाला | • सरसफाइ सन्तोषजनक नभएको<br>• फ्रिजको अव्यवस्थित प्रयोग भएको<br>• साँग्लाको प्रकोप पाइएको<br>• Pest control को व्यवस्था सन्तोषजनक नभएको<br>• खाद्य वस्तु नछोपी राखेको<br>• खाद्य रंग Coal tar Dye को अव्यवस्थित प्रयोग<br>• तेलको TPM परीक्षण गर्दा १५ पाइएको | • सरसफाइ कायम गर्ने र कैफियतमा भएका विवरण सुधार गर्ने निर्देशन दिएको। |
| ७. | श्री मारवाडी स्विट्स एण्ड नमकिन, काठमाडौं-०९, गौशाला | • पत्रिका माथि समोसा पकौडा पकाएर भण्डारण गरेको<br>• Pest control को व्यवस्था सन्तोषजनक नभएको<br>• खाद्य वस्तु पूर्ण नछोपी भण्डारण गरेको<br>• फ्रिजको अव्यवस्थित प्रयोग भएको<br>• व्यक्तिगत सरसफाइको कमी भएको<br>• तेलको TPM परीक्षण गर्दा १५ पाइएको | • करिब ३० थान समोसा र पकौडा मसिजन्य पत्रिकामा भण्डारण गरेकोले नष्ट गरेको।<br>• खाद्य स्वच्छता कायम गर्ने, मसिजन्य कागज माथि खाद्य वस्तु भण्डारण, प्याकिंग नगर्ने र Pest control को व्यवस्था गर्ने निर्देशन दिएको। |
| अनुगमन गरिएको व्यवसायको कुल संख्याः ७ वटा होटल/रेष्टुरेन्ट | | | |

ज्योत्स्ना

ज्योत्स्ना श्रेष्ठ
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८२/०६/२४

Scanned with CamScanner